# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन २० गते २०५९ साल (संख्या १७

## भाग ३

## सर्वोच्च अदालतको सूचना

### जिल्ला अदालत (तेस्रो संशोधन) नियमावली, २०५९

जिल्ला अदालत नियमावली, २०५२ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "जिल्ला अदालत (तेस्रो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. जिल्ला अदालत नियमावली, २०५२ को नियम १ मा संशोधनः जिल्ला अदालत नियमावली, २०५२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १ को उपनियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) नियम ८१ र ८२ सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि तोकिएको अदालतको हकमा प्रारम्भ हुनेछन् ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

69

३. मूल नियमावलीमा नियम ३क थप : मूल नियमावलीको नियम ३ पछि देहायको नियम ३क. थपिएको छ :-

"३क. देवानी र फौजदारी इजलासको गठन :- (१) सर्वोच्च अदालतले आवश्यक ठानेको अदालतमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै देवानी इजलास र फौजदारी इजलास गठन गर्न सक्नेछ । त्यसरी इजलास गठन भएपछि देवानी मुद्दा देवानी इजलासले र फौजदारी मुद्दा फौजदारी इजलासले कारवाही र किनारा गर्नेछ ।

(२) उपनियम (१) बमोजिम छुट्टाछुट्टै फौजदारी र देवानी इजलास गठन भएका अदालनमा प्रधान न्यायाधीशले त्यस्ता इजलाससंग सम्वन्धित मुद्दा हेर्नका लागि न्यायाधीश तोक्न सक्नेछ ।

(३) कुनै अदालतमा एउटा भन्दा वढी देवानी इजलास वा एउटा भन्दा वढी फौजदारी इजलास गठन भएका रहेछन् भने मुद्दा दर्ता भए पछि सर्म्वान्धित मुद्दा हेर्नको लागि तोकिएका न्यायाधीश मध्ये कसको इजलासले कुन मुद्दा हेर्ने भन्ने निश्चित हुने गरी जिल्ला न्यायाधीशले गोलावाट तोक्नेछ । यसरी मुद्दा तोकिएपछि सो मुद्दाको वाँकी कारवाही र किनारा सोही न्यायाधीशको इजलासले गर्नेछ ।

(४) उपनियम (३) बमोजिम मुद्दा तोकिदा लगाउका मुद्दाहरु भएको अवस्थामा मुद्दाको कारवाही र किनारा गर्दा मूल मुद्दा फौजदारी र अन्य लगाउ मुद्दा देवानी वा मूल मुद्दा देवानी र अन्य लगाउ मुद्दा फौजदारी भएमा मूल मुद्दा रहेको इजलासवाट अन्य लगाउका मुद्दा समेत हेरिने गरी तोकिनेछ ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि "मूल मुद्दा" भन्नाले सवैभन्दा पहिले दर्ता भएको मुद्दा सम्झनु पर्छ । तर दुवै मुद्दा एकै मितिमा दर्ता भएकोमा देवानी मुद्दालाई मूल मुद्दा मानिनेछ ।

(५) छुट्टाछुट्टै फौजदारी र देवानी इजलास गठन भएका अदालतमा कुनै इजलाससंग सम्बन्धित न्यायाधीश सात दिन वा सो भन्दा बढी समय अनुपस्थित हुने भएमा सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले सोही अदालतमा रहेको अर्को इजलाससंग सम्बन्धित न्यायाधीशले मुद्दा हेर्ने गरी तोकिदिन सक्नेछ । यसरी मुद्दा हेर्ने न्यायाधीश तोकिएको अवस्थामा यथाशिघ्र सो कुराको जानकारी मुख्य न्यायाधीशले प्रधान न्यायाधीशलाई दिनु पर्नेछ ।

(६) छुट्टाछुट्टै फौजदारी र देवानी इजलास गठन भएको अदालतमा कुनै इजलाससंग सम्बन्धित न्यायाधीश अनुपस्थित रहेमा उपस्थित रहेका अर्को इजलासका न्यायाधीशले वयान, वकपत्र, थुनछेक-आदेश र मिलापत्रको काम गर्नेछ । यसरी कारवाही गर्दा देवानी मुद्दा हेर्ने न्यायाधीश अनुपस्थित भएमा भएसम्म देवानी मुद्दा हेर्ने अर्को न्यायाधीशले र फौजदारी मुद्दा हेर्ने न्यायाधीश अनुपस्थित भएमा भएसम्म फौजदारी मुद्दा हेर्ने अर्को न्यायाधीशले नै सो काम कारवाही गर्नेछ । सम्बन्धित इजलासका एक भन्दा वढी न्यायाधीश भएको अवस्थामा भने जिल्ला न्यायाधीशले गोलाद्वारा त्यस्तो मुद्दा हेर्ने न्यायाधीश तोक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

62

(७) देवानी र फौजदारी इजलास बीच कार्य बोझमा असमानता देखिएमा सम्बन्धित पुनरावेदन अदालतका मुख्य न्यायाधीशले अर्को इजलाससंग सम्बन्धित न्यायाधीशले मुद्दा हेर्ने गरी तोक्न सक्नेछ । यसरी न्यायाधीश तोकिएको कुराको जानकारी मुख्य न्यायाधीशले प्रधान न्यायाधीशलाई यथाशिघ्र दिनु पर्नेछ ।

(८) छुट्टाछुट्टै फौज्दारी तथा देवानी ईजलास गठन भएका अदालतको कुनै ईजलाससंग सम्बन्धित न्यायाधीशले हेर्ने गरी तोकिएको मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ३० नं. बमोजिम वा अन्य कुनै कारणले हेर्न नमिल्ने भएको अवस्थामा त्यस्तो मुद्दा सोही अदालतको अर्को ईजलासमा सार्न सकिनेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधन: मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छ:-

"४. इन्साफ सम्बन्धी काम वाहेक अन्य काम: (१) इन्साफ गर्ने र न्यायाधीशले गर्ने भनी कानूनमा व्यवस्था भएको वाहेक अदालतले गर्नुपर्ने अन्य कामहरु यस नियमावलीमा तोकिए बमोजिमको कर्मचारीले र त्यसरी नतोकिएको हकमा जिल्ला न्यायाधीशले वा निजले अख्तियार दिएको कर्मचारीले गर्नेछ ।

(२) श्रेस्तेदार, तहसिलदार वा अदालतका अन्य कर्मचारीले यो नियमावली वा प्रचलित नेपाल कानून बमोजिम तोकिएको प्रशासनिक वा ब्यवस्थापन प्रकृतिको काम गर्दा जिल्ला न्यायाधीशको निर्देशन र नियन्त्रणमा रही गर्नु पर्नेछ ।"

५. मूल नियमावलीको नियम ४ क. मा संशोधन: मूल नियमावलीको नियम ४ क. को उपनियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) एक भन्दा बढी न्यायाधीश भएका अदालतमा रहेका अन्य सवै न्यायाधीशहरु - सदस्य"

६. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) को खण्ड (घ) मा रहेको "म्याद" भन्ने शब्दपछि "वा वारेन्ट र म्यादीपूर्जी" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (१) को खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छ :-

"(न) अदालतका कर्मचारीको बिदा, कामको मूल्यांकन, प्रोत्साही पुरस्कार, प्रचलित नेपाल कानून बमोजिम विभागीय कारवाही र सजाय लगायतका कर्मचारी प्रशासन सम्बन्धी प्रारम्भिक कारवाही चलाई जिल्ला न्यायाधीश समक्ष पेश गरी निकाशा भए बमोजिम गर्ने र सो को अभिलेख राख्ने ।"

(३) उपनियम (१) को खण्ड (य) झिकिएको छ ।

(४) उपनियम (४) मा रहेको "एकतह" भन्ने शब्द झिकिएको छ ।

७. मूल नियमावलीको नियम ११ मा संशोधन: मूल नियमावलीको नियम ११ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-

"(घ १) मुद्दामा प्रमाण बुझ्ने आदेश भएका मिसिल कागजात झिकाउने र काम सम्पन्न भएपछि फिर्ता गराउने ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को उपनियम (१) मा रहेको "न्यायाधीश" भन्ने शब्दको सट्टा "सम्बन्धित इजलास" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल नियमावलीको नियम १४ मा संशोधन: मूल नियमावलीको नियम १४ को उपनियम (१) को,-

(१) खण्ड (ख) मा रहेका "गांउ टोल" भन्ने शब्दहरु पछि "मार्गको नाम, टेलिफोन नम्बर, फ्याक्स नम्बर, इमेल ठेगाना, कुनै कार्यालयमा काम गर्ने कर्मचारी भए सो कार्यालयको नाम, पद र कार्यालय रहेको स्थान" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) लिखत दर्ता गर्न ल्याउने प्रत्येक व्यक्तिले प्रत्येक पृष्ठको शिर पुछारमा छोटकरी दस्तखत गरी आखिरमा लेखात्मक तथा ल्याप्चे सहीछाप समेत गरेको हुनुपर्छ ।

तर लेखपढ गर्न नजान्नेका हकमा ल्याप्चे सहिछाप मात्र गरेको भएपनि रीतपूर्वक भएको मानिनेछ ।"

(३) खण्ड (च) मा रहेको "दस्तखत गर्नुपर्छ" भन्ने शब्दहरुको सट्टा "हस्ताक्षरको सही र ल्याप्चे सही गर्नुपर्छ" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल नियमावलीको नियम १७ मा संशोधन: मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छ :-

"१७. लिखत संशोधन:- अदालतमा दर्ता भइसकेको लिखतमा लेख, टाइप वा मुद्रणको सामान्य त्रुटि सच्याउनका लागि सम्बन्धित पक्षले निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन परेमा अदालतले लिखत संशोधन हुन मनासिव देखेमा संशोधनको आदेश गरी मुद्दामा तारेखमा रहेका अर्को पक्षलाई जनाउ दिनु पर्नेछ ।

तर त्यस्तो लिखतमा परेको जुन कुरा सच्याउनका लागि निवेदन परेको छ त्यसवाट सम्पूर्ण कारवाही र इन्साफमा असर पर्ने देखिएमा अदालतले त्यस्तो निवेदनलाई पूरकको रुपमा स्वीकार नगर्ने आदेश दिन सक्नेछ ।"

११. मूल नियमावलीको नियम १९ मा संशोधन: मूल नियमावलीको नियम १९ को उपनियम (१) को खण्ड (ठ) मा रहेका "जग्गाको चार किल्ला" भन्ने शब्दहरु को सट्टा "जग्गाको चार किल्ला, कतातर्फबाट दाबी लिइएको हो सो कुरा" भन्ने शब्दहरु राखिएका छन् ।

१२. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ :-

"२२. समाव्हान वा इतलायनामा तामेल गराउने : (१) फिरादपत्र दर्ता भएपछि श्रेस्तेदारले प्रतिवादीलाई समाव्हान , इतलायनामा, म्याद वा सूचना पठाउने आदेश उसै दिन गरी म्याद तामेल गराउनको लागि तीन दिन भित्र सम्बन्धित फांटमा पठाउनु पर्नेछ ।

(२) म्याद तामेल गर्ने कर्मचारीले सो म्याद तामेल गर्न बुझी लिएको मितिले वाटाको म्याद वाहेक पन्ध्र दिन भित्र तामेल गरी तामेली प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधि भित्र म्याद तामेल गर्न नसकेको मनासिव कारण देखाउन नसकेमा त्यस्तो तामेलदार उपर प्रचलित कानून वमोजिम विभागीय कारबाही र सजाय हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समाव्हान, इतलायनामा, म्याद वा सूचना तामेल गर्न खटिएको कर्मचारीले कुनै मनासिव कारणले सो म्याद तामेल गर्न नसकेमा वा तामेल गर्न नसक्ने कुनै मनासिव कारण देखिएमा श्रेस्तेदारले जिल्ला न्यायाधीशलाई पूर्व जानकारी गराई अदालतको अन्य जुनसुकै कर्मचारीलाई खटाई तामेल गराउन सक्नेछ।"

१३. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को अन्त्यमा रहेका "पेश गर्नुपर्दछ।" भन्ने शब्दहरु पछि "यसरी तामेल भई आएको म्याद अर्को अड्डावाट तामेल गर्न पठाईएको म्याद भए पनि सो म्याद समेत रीतपूर्वक तामेल भएको छ वा छैन भन्ने हेरी वेरितको देखिए वदर गरी पुनः म्याद जारी गरी रीतपूर्वक तामेल गराई वदर भएको तामेली म्यादको प्रति र पछि रीतपूर्वक तामेल भएको म्याद समेत श्रेस्तेदारले सम्बन्धित अदालतमा पठाई दिनु पर्छ। यसरी जारी गरिने म्यादको ढांचा पहिले जारी भएको म्यादकै ढांचामा व्यहोरासम्म सामान्य हेरफेर गरी मिलाई जारी गर्न सकिनेछ।" भन्ने वाक्यांश थपिएको छ।

१४. मूल नियमावलीमा नियम २३ ख. थप : मूल नियमावलीको नियम २३ क. पछि देहायको नियम २३ ख. थपिएको छ :-

"२३ ख. तारिख दिने : (१) वादी प्रतिवादीलाई तारिख तोक्दा सो तोकिएका तारिखका दिन गरिने कामको व्यहोरा तारिख भर्पाई र तारेख पर्चामा खुलाई मुद्दाका दुवै पक्षलाई एकै मिलानको मिति, समय उल्लेख गरी तारिख तोक्नु पर्छ।

(२) तोकिएको तारिखको समयमा मुद्दाका दुवै पक्ष उपस्थित भएमा दुवै पक्षलाई राखी मुद्दामा गर्नु पर्ने कारवाही गर्नु पर्छ। तारिखमा तोकिएको समयमा मुद्दाका कुनै पक्ष उपस्थित हुन नआए पनि मुद्दामा गर्नु पर्ने कारवाही गर्न, अर्को पक्षलाई तारिख दिन वा मुद्दाको सुनुवाई गर्न रोकिने छैन। तोकिएको समयमा हाजिर हुन नआई ढिलो गरी हाजिर हुन आउने मुद्दाको अर्को पक्षलाई तारिख दिंदा पहिले तारेख लिई गएको पक्षलाई तोकिएको मिति र समयकै मिलान हुने गरी तारिख तोक्ने गर्नुपर्छ।"

१५. मूल नियमावलीको नियम २८ मा संशोधनः मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छः-

"२८. साक्षी बुझ्ने: (१) साक्षीको नाममा समाव्हान जारी गर्न न्यायाधीशवाट आदेश भएपछि फाँटवालाले समाव्हान तयार गरी तामेल गर्न पठाउनुपर्छ।

(२) मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११५नम्वर बमोजिम साक्षीको नाममा समाव्हान जारी गर्दा अदालतमा हाजिर हुने दिन किटान गरी म्याद पठाउनुपर्छ र सो मुद्दाको पक्षलाई सोही मिलानको तारेख तोक्नुपर्छ।"

१६. मूल नियमावलीको नियम ३१ मा संशोधन : मूल नियमावलीको नियम ३१ को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर नियम ३ क. को उपनियम (१) बमोजिम छुट्टाछुट्टै फौजदारी र देवानी इजलास गठन भएका अदालतमा प्रत्येक इजलासवाट हेरिने मुद्दाहरुको साप्ताहिक तथा दैनिक पेशी सूची अलग अलग छुट्याई टाँस गर्न लगाउनु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२ क.) थपिएको छः-

"(२ क) उपनियम (१) बमोजिम पेशी सूची तयार गर्दा मुलतबीबाट जागेका मुद्दा तथा सर्वोच्च अदालत वा पुनरावेदन अदालतको निर्णय बमोजिम पुनः इन्साफको लागि दर्ता भएको मुद्दाको शुरु दर्ता मितिलाई नै आधार मानी क्रम निर्धारण गर्नुपर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. मूल नियमावलीमा नियम ३१ क. र ३१ ख. थप: मूल नियमावलीको नियम ३१ पछि देहायका नियम ३१ क. र ३१ ख. थपिएका छन् :-

"३१ क. आधा अंश रोक्का गर्ने: मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १० नम्बर बमोजिमको दावी भएको मुद्दामा अभियोग पत्रसाथ प्रतिवादीको अंशमा पर्ने सम्पति विवरण प्राप्त नभए,को अवस्थामा मुद्दा दर्ता भएपछि अदालतले सम्बन्धित सरकारी वकील कार्यालय, पीडित वा जाहेरवाला तथा प्रतिवादी पकाउ परेको भए निजबाट समेत अंश विवरण पेश गर्न लगाउनु पर्नेछ । यसरी अंश भागमा पर्ने सम्पति विवरण पेश हुन आएको मुद्दामा तत्काल प्राप्त प्रमाणवाट प्रतिवादीले कसुर गरेको विश्वास गर्न सकिने मनासिव आधार भएमा प्रतिवादीको आधा अंश अदालतले रोक्का राख्नु पर्नेछ ।

३१ ख. नक्कल मिसिल खडा गर्ने: श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा प्रतिवादी फरार रहेको कारणबाट थुनछेक सम्बन्धी कार्य पूरा हुन बाँकी रहेको वा कानून बमोजिम मुलतवी रहेको अवस्थाको मुद्दाको मिसिल कुनै कारणले माथिल्लो अदालतमा पठाउनु पर्ने भएमा अदालतले मुख्य मुख्य कागजको नक्कल मिसिल खडा गरेर मात्र सक्कल मिसिल माथिल्लो अदालतमा पठाउनु पर्नेछ ।"

१८. मूल नियमावलीको नियम ३२ मा संशोधन: मूल नियमावलीको नियम ३२ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ:-

"(३) मुद्दामा म्याद वा तारेख गुजारी बसेका पक्षहरु मिलापत्र गर्ने प्रयोजनको लागि उपस्थित हुन आएमा अदालतले अनुमति दिई त्यस्ता म्याद वा तारेख गुजारी बसेकाहरुलाई समेत सामेल गराइ मुद्दामा मिलापत्र गराउन सकिनेछ ।"

१९. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ को उपनियम (३) मा रहेका "तोकिएको मुद्दामा" भन्ने शब्दहरु पछि "अदालतले आवश्यक ठानेमा वा" भन्ने शब्दहरु थपिएका छन्।

२०. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को सट्टा देहायको नियम ३५ राखिएको छ :-

" ३५. मुद्दा हेर्न नरोकिने : (१) दैनिक मुद्दा पेशी सूचीमा चढेको कुनै पनि मुद्दा तारिख गुजारी थाम्न पाउने म्याद बांकी भएको भन्ने समेत कुनै कारणले पनि सो सूचीवाट हटाइने छैन र इजलासवाट खोजेका वखत पक्ष, वारेश वा कानून व्यवसायी हाजिर नभए पनि मुद्दा स्थगित हुने छैन । ठहरे बमोजिम फैसला हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको सुनुवाई प्रारम्भ हुनु भन्दा पहिले आफ्नो कावुभन्दा वाहिरको परिस्थितिले गर्दा अदालतमा उपस्थित हुन नसक्ने कुराको अदालतलाई विश्वास हुने कुनै मनासिव कारण देखाई मुद्दाको पक्ष वा कानून व्यवसायीले निवेदनपत्र दिएमा अदालतले वढीमा दुई पटक सम्म मुद्दाको सुनुवाई स्थगित गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ईजलासवाट प्राथमिकता दिई हेर्ने आदेश भएका मुद्दा, एकै पक्षको एक भन्दा वढी कानून व्यवसायी रहेको मुद्दा, हेर्दा हेर्दैको मुद्दा, दुई पटक पेशी स्थगित भई सकेको मुद्दा र प्रचलित कानून बमोजिम मुद्दा फैसला गर्नुपर्ने समयावधि नाघेका मुद्दाको सुनुवाई स्थगित हुन सक्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबूभन्दा वाहिरको परिस्थिति परी मुद्दा स्थगित गरी पाउं भन्ने निवेदनपत्र मुद्दा पेश भएका दिनको ईजलास वस्नु भन्दा अगाडि नै दर्ता गरी मिसिल सामेल राखिएको हुनुपर्नेछ।"

२१. मूल नियमावलीको नियम ४८ मा संशोधनः मूल नियमावलीको नियम ४८ को सट्टा देहायको नियम ४८ राखिएको छ :-

"४८. अख्तियारवाला छेउ फैसला वा आदेश पठाउने :- आफू समक्ष पेश भएको मुद्दामा मिसिलबाट कुनै राष्ट्र सेवकले देहायको कुनै काम कुरा गरेको देखिएमा न्यायाधीशले आवश्यक सम्झे सो कुरा फैसला वा अन्तिम आदेशमा उल्लेख गरी निजलाई सचेत गराउन वा सो फैसला वा आदेशको प्रतिलिपि सम्बन्धित अख्तियरवाला छेउ पठाउन आदेश दिन सक्नेछ :-

(क) कुनै गैर कानूनी काम गरेको, वा

(ख) कानून बमोजिम पालन गर्नुपर्ने कर्तव्य जानी जानी पालन नगरेको वा त्यस सम्बन्धमा बदनियत वा गम्भीर लापरवाही गरेको, वा

(ग) आफ्नो पद अनुरुपको आचरण नगरेको, वा

(घ) अदालतको आदेशलाई छल्ने वा कुनै किसिमबाट प्रभावहीन बनाउने वद्नियतले झुठो जवाफ दिएको वा समयमा स्पष्ट जवाफ नदिइ आलटाल गरेको।"

२२. मूल नियमावलीको नियम ६८ मा संशोधनः-मूल नियमावलीको नियम ६८ को उपनियम (४) मा रहेका "पठाउनु पर्नेछ" भन्ने शब्दहरु पछि "यसरी लगत प्राप्त भएपछि आफ्नो अदालतमा लगत कसी लगत पठाउने अदालतमा सो को जनाउ पठाउनु पर्छ। त्यस्तो जानकारी प्राप्त भएपछि मात्र लगत पठाउने अदालतले लगत कट्टा गर्नु पर्छ।" भन्ने वाक्यांश थपिएको छ।

२३. मूल नियमावलीको नियम ७० मा संशोधनः मूल नियमावलीको नियम ७० को उपनियम (३) र (५) मा रहेका "कमिसन" भन्ने शब्दको सट्टा "प्रोत्साहन रकम" भन्ने शब्दहरु राखिएका छन्।

२४. मूल नियमावलीको नियम ७४ मा संशोधनः (१) मूल नियमावलीको नियम ७४ को,-

(१) उपनियम (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) वाली, वहाल, ब्याज लगायत उपनियम (२) को खण्ड (ख)को सम्पतिको हकमा यथाशीघ्र तायदात गर्न पठाई तायदात गर्दाको अवस्थामा नै आवश्यक पर्ने जति त्यस्तो सम्पति वा सो बाट प्राप्त हुने वाली, वहाल, ब्याज, मुनाफा आदि आय कब्जामा लिनु वा रोक्का राख्नुपर्छ र कब्जामा लिएको अवस्थामा त्यसको भरपाई सम्बन्धित व्यक्तिलाई दिनुपर्छ।"

(२) उपनियम (४) को अन्त्यमा "यसरी दिइएको सूचनाको म्यादभित्र हाजिर हुन आउने पक्षलाई तारेखमा राखी भरी भराउ वा चलन चलाउने कारवाही गर्नुपर्छ।" भन्ने वाक्यांश थपिएको छ।

२५. मूल नियमावलीको नियम ७५ मा संशोधनः मूल नियमावलीको नियम ७५ को उपनियम (७) पछि देहायको उपनियम (७ क) थपिएको छः-

"(७ क) उपनियम (७) बमोजिम लिलाम हुँदा अन्तिम वोलवालाले वोल अंकको दश प्रतिशत रकम तुरुन्त वुझाउनु पर्नेछ र वांकी रकम वुझाउन निजलाई सात दिनको समय दिइनेछ। सात दिन भित्र निजले वोल अंकको वांकी रकम नबुझाएमा पहिले बुझाएको दश प्रतिशत रकम जफत गरी पुनः लिलामीको कारवाही गरिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६८

२६. मूल नियमावलीमा नियम ७८ क थप : मूल नियमावलीको नियम ७८ पछि देहायको नियम ७८ क. थपिएको छ :-

"७८ क. निवेदनबाट कारवाही गर्ने : (१) फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पतिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा र मुद्दाका पक्षले निवेदन दिएमा अदालतले त्यस्तो सम्पति लेनदेन गर्ने व्यक्तिलाई सात दिने म्याद जारी गरी बुझी सोही मिसिलबाट कारवाही र किनारा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन उपर कारवाही र किनारा गर्ने कार्य न्यायाधीशको इजलासबाट हुनेछ।"

२७. मूल नियमावलीमा नियम ९० क. थप: मूल नियमावलीको नियम ९० पछि देहायको नियम ९० क. थपिएको छ:-

"९० क. रोक्का भएका वा दशीमा प्राप्त भएका सामान फिर्ता वा लिलाम गर्ने: (१) फौजदारी मुद्दामा दशी स्वरुप प्राप्त हुन आएका कुनै मालसामान जफत गर्नुपर्ने दावी नभएको र सो सामानको स्वामित्व सम्बन्धमा पनि विवाद नरहेको अवस्थाको कुनै मालसामान सम्बन्धित मालधनीले फिर्ता पाउं भनी निवेदन गरेमा अदालतले त्यस्ता मालसामान मालधनीलाई फिर्ता दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम मालधनीलाई फिर्ता हुने मालसामान बाहेक अन्य रोक्का भएका वा दशीमा प्राप्त हुन आएका कुनै मालसामान मुद्दा अन्तिम किनारा नहुंदासम्म त्यसै राख्दा खिया लागि, टुटी–फूटी, सडी–गली वा अन्य कुनै परिवन्धबाट नोक्सान हुन जाने देखिएमा अवस्था अनुसार त्यस्तो मालसामानको सम्बन्धित प्राविधिज्ञबाट मूल्याङ्कन समेत गराई पञ्चकृते मोल कायम गरी सो पञ्चकृते मूल्यमा मालधनीले नै सकार गर्न चाहेमा तिजलाई सकार गर्न दिनु पर्छ। मालधनी पत्ता नलागेमा वा पत्ता लागेको भए पनि निज माल सकार गर्न नआएमा वा पञ्चकृते मूल्य तिरी माल सकार नगरेमा त्यस्तो माल सामान लिलाम बिक्री गरी आएको रकम धरौटी खातामा आम्दानी बांधी राखी पछि मुद्दा किनारा हुंदा ठहरे बमोजिम गर्नुपर्छ।"

२८. मूल नियमावलीमा नियम ९२ ख. थप : मूल नियमावलीको नियम ९२ क. पछि देहायको नियम ९२ ख. थपिएको छ :-

"९२ ख. दण्ड जरिवानाको लगत पठाउने: अदालतको फैसलाले लागेको कैद र जरिवानाको लगत उतार र असूली विवरण मासिक प्रतिवेदन साथ सर्वोच्च अदालत र सम्बन्धित पुनरावेदन अदालतमा समेत पठाउनु पर्नेछ।"

२९. मूल नियमावलीको नियम ९३ ख. मा संशोधन : मूल नियमावलीको नियम ९३ ख. को उपनियम (२) र (३) झिकिएका छन्।

आज्ञाले,
श्रीप्रसाद पण्डित
रजिष्ट्रार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले जलचर संरक्षण ऐन, २०१७ को दफा ४ तथा ५ ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश जारी गरेको छ :-

१. ऐनको दफा ४ को,-

(क) खण्ड (क) को प्रयोजनको लागि देहायका जलचरलाई समात्न, मार्न तथा चोट पुर्‍याउन मनाही गरिएको छ:-

| क.सं | जलचरको स्थानीय नाम | जलचरको वैज्ञानिक नाम |
|---|---|---|
| १. | असला | सिजोथोराक्स माकोफथालमस *Schizothorax macrophthalmus (Terashima)* |
| | | सजोथोराक्स नेपालेनसिस *Schizothorax nepalensis (Terashima)* |
| | | सिजोथोराक्स रारेन्सीस *Schizothorax rarensis (Terashima)* |
| २. | कछुवा | हार्ड्रेला थुर्जी थुर्जी *(Hardella thurjii thurjii)* |
| | | कचुगा ढोंगोका *(Kachuga dhongoka)* |
| | | कचुगा कचुगा *(Kachuga kachuga)* |
| | | कचुगा स्मिथी प्यालिडिपिस् *(Kachuga smithi pallidipes)* |
| | | कचुगा टिटा *(Kachuga teeta)* |
| | | कचुगा टेन्द्रोरिया फल्लाभिभेन्टर *(Kachuga tentoria flaviventer)* |
| | | मेलानोचेलिस ट्रिट्रीजुगा इन्डोपेननिसुलेरिस् *(Melanochelys tritijuga indopeninsularis)* |
| | | मरेनिया पिटर्सी *(Morenia petersi)* |
| | | एसपिडिरेटिस् ग्यांगेटिकस् *(Aspideretes gangeticus)* |
| | | एसपिडिरेटिस् हुरुम *(Aspideretes hurum)* |
| | | चित्रा इण्डिका *(Chitra indica)* |
| | | फिसेमिस् पंकट्रेटा एण्डरसोनी *(Fishemys punctata andersoni)* |
| ३. | घारियल | गेभियलिस गेंगेटिकस) *(Gavialis gangeticus)* |
| ४. | मगर गोही | कोकोडैलस पालुसट्रिस *(Crocodylus palustris)* |
| ५. | सोंस (डल्फिन) | प्लेटानिसटा गेंगेटिका *(Platunista gangetica)* |
| ६. | ओत | लुट्रा लुट्रा *(Lutra lutra)* |
| | | लुट्रोगेल परसपिसिलाटा *(Lutrogale perspicillata)* |

(ख) खण्ड (ख) को प्रयोजनको लागि देहायका जलचरलाई देहायका महिनामा कुनैपनि जलमा समात्न, मार्न तथा चोट पुरयाउन मनाही गरिएको छ :-

| क्र. सं. | जलचरको स्थानीय नाम | जलचरको वैज्ञानिक नाम | महिना |
|---|---|---|---|
| १. | असला | ठुण्डे असल (सिजोथोराक्थीस् एण्नेनडलाई) *Schizoth aichthys (Regan) anendalai* | शरद ऋतुको कात्तिक, हेमन्त ऋतुको मंसीर, शिशिर ऋतुको फागुन र बसन्त ऋतुको चैत महिना |



६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | चुच्चे असला (सिजोथोराक्थीस् इसोसिनस) *Schizothoraichthys esocinus (Heckel)* | ऐजन |
| | | चुच्चे असला (सिजोथोराक्थीस प्रोग्यासटस्) *Schizothoraichthys progastus (Mcclelland)* | ऐजन |
| | | असला (सिजोथोराक्स मोलेसओर्थी) *Schizothorax molesworthi (Chandari)* | ऐजन |
| | | चुच्चेअसला (सिजोथोराक्स प्लेजिओस्टोमस) *Schizothorax plagiostomus (Heckel)* | ऐजन |
| | | असला (सिजोथोराक्स रिर्चाडसोनी) *Schizothorax richardsonii (Gray)* | ऐजन |
| २. | सहर | सहर (टोर पुटिटोरा) *Tor putitora (Hamilton)* | बसन्त ऋतुको चैत र वैशाख, वर्षा ऋतुको भदौ र शरद ऋतुको असोज महिना |
| | | सहर (टोर टोर) *Tor tor (Hamilton)* | ऐजन |
| ३. | कत्ले | कत्ले (नियोलिसोकाइलस हेग्जागोनोलेपिस) *Neolissochilus hexagonolepis (McClelland)* | ऐजन |

(ग) खण्ड (ख) को प्रयोजनको लागि प्रकरण २ मा उल्लिखित जलचरहरु सोही प्रकरणमा उल्लिखित महिना भन्दा बाहेकका अन्य महिनाका हकमा निम्न बमोजिमको लम्बाइ भन्दा सानो आकारकालाई मार्न, समाउन तथा चोट पुर्‍याउन मनाही गरिएको छ र त्यस्तो लम्बाइ भन्दा सानो आकारका माछा जाल, पासो वा बल्छीमा परेतापनि जलमा नै छोडिदिनु पर्नेछ ।

| क्र. सं. | जलचरको स्थानीय नाम | जलचरको वैज्ञानिक नाम | लम्बाइ (सेन्टीमिटरमा) |
|---|---|---|---|
| १. | असला | ठुण्डे (सिजोथोराक्थीस् एण्नेनडलाई) *Schizothoraichthys (Regan) anendalai* | १५ |
| | | चुच्चे असला (सिजोथोराक्थीस् इसोसिनस) *Schizothoraichthys esocinus (Heckel)* | १५ |
| | | चुच्चे असला (सिजोथोराक्थीस प्रोग्यासटस्) *Schizothoraichthys progastus (Mcclelland)* | १५ |
| | | असला (सिजोथोराक्स मोलेसओर्थी) *Schizothorax molesworthi (Chandari)* | १५ |
| | | चुच्चेअसला (सिजोथोराक्स प्लेजिओस्टोमस) *Schizothorax plagiostomus (Heckel)* | १५ |
| | | असला (सिजोथोराक्स रिर्चाडसोनी) *Schizothorax richardsonii (Gray)* | १५ |
| २. | सहर | सहर (टोर पुटिटोरा) *Tor putitora (Hamilton)* | ३० |
| | | सहर (टोर टोर) *Tor tor (Hamilton)* | ३० |
| ३. | कत्ले | कत्ले (नियोलिसोकाइलस हेग्जागोनोलेपिस) *Neolissochilus hexagonolepis (McClelland)* | २० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (ख) को प्रयोजनको लागि देहायको लम्बाइ भन्दा सानो आकारका माछा मार्न, समाउन तथा चोट पुर्‍याउन मनाही गरिएको छ र त्यस्तो लम्बाइ भन्दा सानो आकारका माछा जाल, पासो वा बल्छीमा परेतापनि जलमा नै छोडिदिनुपर्नेछ ।

| क्र.सं. | जलचरको स्थानीय नाम | जलचरको बैज्ञानिक नाम | | लम्वाइ (सेन्टीमिटरमा) |
|---|---|---|---|---|
| १ | सुतेरा | आइलिया कोलिया | (Ailia colia (Hamilton)) | १५ |
| २ | विन्धेर | एम्ब्लाईसेप्स म्याग्गोइस् | (Amblyceps mangois (Hamilton)) | ५ |
| ३ | बाम | एम्फीप्नअस कुचिया | (Amphipnous cuchia (Hamilton)) | २० |
| ४ | कबई | अनाबस टेस्टुडाईनियस् | (Anabas testudineus (Bloch)) | ५ |
| ५ | राजवाम | एंगुला ॓गालेन्सिस् | Anguilla bengalensis (Gray) | ३० |
| ६ | टिकुली | एप्लोकाईलस पन्चाक्स | Aplocheilus panchax (Hamilton) | २.५ |
| ७ | खेसाकी | बाडिस बाडिस | Badis badis (Hamilton) | ५ |
| ८ | गोंछ | बगारियस बगारियस | Bagarius bagarius (Hamilton) | ५० |
| ९ | फकेटा | बारिलियस बारिला | Barilius barila (Hamilton) | ७.५ |
| १० | फकेटा | बारिलियस बर्ना | Barilius barna (Hamilton) | ७.५ |
| ११ | जलकपुर | बारिलियस जलकपुरेई | Barilius Jalkapoorei (Shrestha) | १० |
| १२ | फकेटा | बारिलियस टिलियो | Barilius tileo (Hamilton) | १० |
| १३ | फकेटा | बारिलियस भग्रा | Barilius vagra (Hamilton) | ५ |
| १४ | | बाटासियो बाटासियो | Batasio batasio (Hamilton) | २.५ |
| १५ | बाघी | बोटिया आल्स्नोसेयी | Botia almorhae (Day) | ७.५ |
| १६ | बाघी | बोटिया लोहाचाटा | Botia lohachata (Chandari) | ५ |
| १७ | रातोमाछा | क्यारासियस क्यारासियस | Carassius carassius (Linnaeus) | १० |
| १८ | भाकुरा | कत्ला कत्ला | Catla catla (Hamilton) | २० |
| १९ | पउवा | चाका चाका | Chaca chaca (Hamilton) | ५ |
| २० | पत्थर चाटी | चगुनियस चागुनियो | Chagunius chagunio (Hamilton) | १५ |
| २१ | चना | चन्दा न्ऌमा | Chanda nama (Hamilton) | २.५ |
| २२ | चना | चन्दा रागां | Chanda ranga (Hamilton) | २.५ |
| २३ | भैरा | चान्ना मारुलियस | Channa marulius (Hamilton) | २५ |
| २४ | हिले | चान्ना स्टेवर्थी | Channa steworthii (Playfair) | ७.५ |
| २५ | सौरा | चान्ना स्ट्रायटस | Channa striatus (Bloch) | २५ |
| २६ | नैनी | सिराईनस म्रिगला | Cirhinus mrigala (Hamilton) | २० |
| २७ | रेवा | सिराईनस रेवा | Cirhinus reba (Hamilton) | १५ |
| २८ | मुंग्री | क्लारियस बाक्ट्रेकस | Clarius batrachus (Linneus) | १५ |
| २९ | जलकपुर | क्लूपिसोमा गौरा | Clupisoma gaura (Hamilton) | १५ |
| ३० | खेसारा | कोलिसा फासियाटस | Colisa fasciatus (Bloch & Schneider) | ७.७ |
| ३१ | जेब्रा मेजिना | डानियो रेरिईयो | Danio rereo (Hamilton) | २.५ |
| ३२ | डेढवा | इसोमस डेन्डिकस | Esomas dandri (Hamilton) | २.५ |
| ३३ | बचवा | युट्रोपीईक्थिस भचा | Eutropiichthys vacha (Hamilton) | १५ |
| ३४ | गेम्बुसिया | गेम्बुसिया एफिनिसपातुरिलिस | Gambusia affinispaturelis (Baird) | २.५ |
| ३५ | बुदना | गारा एनानडेलाई | Garra annandalai(Hora) | ५ |
| ३६ | बुदना | गारा गोॱाईला | Garra gotyla (Gray) | ७.५ |
| ३७ | कांढे | ग्लीप्टोथोरेक्स टेलचिट्टा | Glyptothorax telchitta (Hamilton) | ५ |
| ३८ | सिंघे | हेटेरोपोनियटिस फोसिलिस | Heteropneustis fossilis (Shrestha) | १० |
| ३९ | थेड | लावियो आंङ्ग्रा | Labeo angra (Hamilton) | १० |
| ४० | थिल्के | लावियो वोगा | Labeo boga (Hamilton) | १० |
| ४१ | कालवासु | लावियो कालवासु | Labeo calbasu (Hamilton) | २० |
| ४२ | रोहु | लुावियो कोइरुलिइस | Labeo coerulius (Day) | १० |
| ४३ | गुद्री | लावियो डेरो | Labeo dero (Hamilton | १० |
| ४४ | गुर्दी | लावियो डाओचिअलस | Labeo dyocheilus (MCclelland) | २० |
| ४५ | कुर्सी | लावियो गोनिअस | Labeo gonius (Hamilton) | २० |
| ४६ | सिद्रे | लावियो पन्गुसिया | Labeo pangusia (Hamilton) | २० |
| ४७ | रोहु | लावियो रोहिता | Labeo rohita (Hamilton) | २० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४८ | लटा | लिपिडोसिफालिथिस् नेप्लेनसिस् | *Lepidocephalicthys nepalensis(Shrestha)* | २.५ |
| ४९ | गैंची | म्याकरोनेथस् एक्कुलियटस् | *Macrognathuss aculeatus (Bloch)* | ७.५ |
| ५० | वाम | म्स्ट्रासिम्बलस् अर्माटस् | *Mastacemballus armatus (Hamilton)* | ७.५ |
| ५१ | काठेगैंची | म्स्ट्रासिम्बलस् पन्कटेटस् | *Mastacemballus puncatus (Lacepedo)* | ७.५ |
| ५२ | कान्ती | मिस्टस ओआर | *Mystus oar (Hamilton)* | २५ |
| ५३ | कान्ती | मिस्टस् सिनगाला | *Mystus seenghala (Sykes)* | १५ |
| ५४ | टेंगरा | मिस्टस् भिट्टाटस् | *Mystus vittatus (Bloch)* | २.५ |
| ५५ | ढाले | नान्दस नान्दस् | *Nandus nandus (Hamilton)* | ५ |
| ५६ | गडेला | निमाकाईलस् विभानी | *Nemacheilus bevani (Gunther)* | २.५ |
| ५७ | गडेला | निमाकाईलस् बोटिया | *Nemacheilus botia (Hamilton)* | २.५ |
| ५८ | गडेला | निमाकाईलस् रुपीक्ला | *Nemacheilus rupicola (Hora) rupicola* | २.५ |
| ५९ | थोलही | नोटोप्टेर*: नोटोप्टेरस | *Notopterus notopteruss (Pallas)* | १० |
| ६० | पवना | ओम्पाक बिमाक्यूलेटस् | *Ompak bimaculatus (Bloch)* | १५ |
| ६१ | गुर्दी | ओस्टिओब्रामा कोटियो | *Osteobrama cotio (Hamilton)* | २ |
| ६२ | चेलवा | अक्सिगास्टर बाकेइला | *Oxygaster bacaila (Hamilton)* | ७.५ |
| ६३ | कव्रे | सियुडोइकाइनियस् सलकाटस् | *Pseudoecheneis sulcatus (Hamilton)* | ७.५ |
| ६४ | पटासी | सियूडोढोपिअस् एथिरिनोइडस् | *Pseudotropius atherinoides (Bloch)* | ५ |
| ६५ | जलकपुर | सियूडोढोपिअस् मरिअस् | *Pseudotropius murius (Bloch)* | १५ |
| ६६ | तिते | सीइलोराईनकअस सियूडोइहिनिइअस् | *Psilorhynchus pseudoechinius (Mennon & Dutta)* | ५ |
| ६७ | तिते | सीइलोराईनकअस सुकाटिइओ | *Psilorhynchus sucatio (Hamilton)* | ५ |
| ६८ | पोथी | पून्टियस एपोगन | *Puntius apogon (Valancies)* | ५ |
| ६९ | करंगी | पून्टियस चीइलिनोइड | *Puntius chilinoid (MCclellland)* | १० |
| ७० | पोथी | पून्टियस टिक्टो | *Puntius ticto (Hamilton)* | ५ |
| ७१ | रिता | रिता रिता | *Rita rita (Hamilton)* | ३० |
| ७२ | भोला | साईएयना कोइटर | *Sciaena coitor (Hamilton)* | १० |
| ७३ | चेण्टी | सेमीप्लोनिस् सेमीप्लोनिस् | *Semiplones semiplones (Hamilton)* | १० |
| ७४ | रेवा | साइकामुगिल कासकाससिया | *Sicamugil (Hamilton) cascasia* | २.५ |
| ७५ | काव्रे | शिसोर राव्डोफोरिस् | *Sisor rhabdophores (Hamilton)* | ५ |
| ७६ | फोक्चा | टेट्राडन् कुट्कुटिआ | *Tetradon cutcutia (Hamilton)* | २.५ |
| ७७ | बुहारी | वालेगो अट्टु | *Wallago attu (Schneider)* | २० |
| ७८ | चुच्चे बाम | जेनेन्टोडन क्यान्सिला | *Xenentodon cancilla (Hamilton)* | ७.५ |

तर अनुसन्धान प्रयोजनको लागि श्री ५ को सरकार वा स्थानीय अधिकारीको अनुमति लिएर उल्लिखित आकार भन्दा सानो माछा मार्न वा समाउन सकिनेछ ।

२. ऐनको दफा ५ को प्रयोजनको लागि देहायको स्थानमा कुनैपनि प्रकारको जलचरलाई समात्न, मार्न तथा चोट पुऱ्याउन मनाही गरिएको छ :-

(क) सप्तकोशी नदीको कोशी ब्यारेजको एक किलोमिटर तल र माथि दुबै तर्फको जलमा,

(ख) सप्तगण्डकी नदीको गण्डक ब्यारेजको एक किलोमिटर तर र माथि दुबै तर्फको जलमा,

(ग) सार्वजनिक तालमा खोला मिसिने स्थानबाट एकसय मिटर तल र दुईसय मिटर माथि सम्मको जलमा,

(घ) फेवातालको बाराही मन्दिरदेखि रतन मन्दिर दरबार सम्मको जलमा,

(ङ) जलश्रोत विकास सम्बन्धी आयोजना संचालनका लागि स्थायी प्रकृतिको बाँध बाधिएकोमा त्यस्ता बाँध रहेको स्थानको एकसय मिटर तल र माथि दुबै तर्फको जलमा,

(च) कुनैपनि नदी वा खोलाको पानीलाई पुरै मात्रामा अर्कोतर्फ लगेको (दुवाली छेकेको) स्थानमा ।

आज्ञाले,

कीर्ति बहादुर चन्द

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले गलैंचा तथा ऊन विकास समिति (गठन) आदेश, २०४९ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी गलैंचा तथा ऊन विकास समितिमा देहाय बमोजिम अध्यक्ष, उपाध्यक्ष र सदस्य रहने गरी हेरफेर गरेको छ ।

| | | |
|---|---|---|
| (क) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | -अध्यक्ष |
| (ख) | उद्योग, वाणिज्य तथा आपूर्ति राज्य वा सहायक मन्त्री | -उपाध्यक्ष |
| (ग) | सचिव, उद्योग, वणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | -सदस्य |
| (च) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (छ) | अध्यक्ष, केन्द्रीय गलैंचा उद्योग संघ | -सदस्य |
| (ज) | अध्यक्ष, नेपाल गलैंचा निर्यातक संघ | -सदस्य |
| (झ) | श्री ५ को सरकारले मनोनयन गरेको गलैंचा उद्योग र पश्मिना उद्योगसँग सम्बन्धित व्यक्तिहरु मध्येबाट बढीमा ६ जना | -सदस्य |
| (ञ) | श्री ५ को सरकारले नियुक्त गरेको कार्यकारी निर्देशक | -सदस्य-सचिव |

आज्ञाले,

भानुप्रसाद आचार्य

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यबस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ को दफा १५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐन अन्तर्गतका कसुर सम्बन्धी मुद्दाहरु देहायका क्षेत्रभित्र देहाय बमोजिमका पुनरावेदन अदालतहरुले हेर्ने गरी तोकेको छ ।

(१) पुनरावेदन अदालत, बिराटनगर मेची, कोशी र सगरमाथा अञ्चल अन्तर्गतका जिल्लाहरु

(२) पुनरावेदन अदालत, पाटन - जनकपुर, बागमती र नारायणी अञ्चल अन्तर्गतका जिल्लाहरु

(३) पुनरावेदन अदालत, पोखरा - गण्डकी, धवलागिरी र लुम्बिनी अञ्चल अन्तर्गतका जिल्लाहरु

(४) पुनरावेदन अदालत, नेपालगञ्ज - राप्ती, भेरी र कर्णाली अञ्चल अन्तर्गतका जिल्लाहरु

(५) पुनरावेदन अदालत, महेन्द्रनगर - सेती र महाकाली राप्ती अञ्चल अन्तर्गतका जिल्लाहरु

खण्ड ५१, अतिरिक्ताङ्क ५१, सम्वत् २०५८ मंसिर ११ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८४